## डोरसेट स्कूलमा आफ्नो शिशुलाई भर्ना गराउनको लागि मार्ग–निर्देशन





- सबै शिशुहरूले स्कूलमा स्थान पाउनेछन्।
- सबै माता–पिताहरूले आफ्नो हरेक शिशुको निम्ति फारम भर्नुपर्नेछ।
- डोरसेटका प्रत्येक स्कूलमा स्थानहरूको निश्चित संख्या छ।
- संयुक्त अधिराज्यमा शिशुहरूलाई सदैव त्यही श्रेणीमा राखिन्छ जुन श्रेणीमा उसैको उमेरका शिशुहरू छन्।
- यूरोपेली संघभन्दा बाहिरका शिशुहरूले स्कूलमा स्थान पाउन अघि, उनीहरू संयुक्त अधिराज्यमा बसोबास गरिरहेको हुनुपर्छ।
- तपाईंको शिशु यहाँ बसोबास गरिरहेको छ भने मात्रै तपाईंले स्कूलमा स्थान निम्ति आवेदन गर्न सक्नुहुन्छ।
- डोरसेट स्थानीय प्राधिकरण (एल ए) – को स्कूलमा भर्नासम्बन्धी एक नीति छ। यो नीतिले स्कूलहरूमा स्थान प्रदान गरिइने नियमहरूको व्याख्या गर्छ। रोजिएको प्रथम स्कूलमा स्थान छैन भने, भर्ना दलले अर्को स्कूल खोजी निकाल्नेछ।

स्कूलमा भर्नासम्बन्धी नीतिको बारेमा बढ़ी जानकारी भर्ना वेबसाइट [www.dorsetforyou.com/schooladmissions](http://www.dorsetforyou.com/schooladmissions) अथवा *डोरसेट स्कूलहरूमा भर्ना मातापिताहरूको मार्गदर्शिका (Admissions to Dorset Schools: A Parents' Guide)* बाट प्राप्त गर्न सकिन्छ।

## यदि तपाईंको शिशु सेप्टेम्बरमा प्रथम पल्ट स्कूल गइरहेछ

स्कूल अथवा एडमिशन्स् (भर्ना) वेबसाइटबाट आवेदन फारम प्राप्त गर्नुहोस्

↓

आवेदन फारम भर्नुहोस् अनि आफ्नो प्रथम, दोस्रो र तेस्रो रोजाइका स्कूलहरूको नाउँ लेख्नुहोस्

↓

पूर्ण रूपले भरिएको आवेदन फारम तपाईंको प्रथम रोजाइको स्कूलका प्रधान अध्यापकलाई डिसम्बरभन्दा अघि नै बुझाउनुहोस्

↓

तपाईंको शिशुको स्कूलमा भर्नाको सम्बन्धमा मार्चमा एक पत्र पठाइनेछ



## निम्न माध्यमिक, माध्यमिक अनि उच्च माध्यमिक स्कूलहरूमा स्थानान्तरण

स्कूल कार्यालय अथवा एडमिशन्स् (भर्ना) वेबसाइटबाट आवेदन फारम प्राप्त गर्नुहोस्

↓

आवेदन फारमलाई ऑन लाइन अथवा लिखित रूपमा भर्नुहोस – आफ्नो प्रथम, दोस्रो र तेस्रो रोजाइका स्कूलहरूको नाउँ दिनुहोस्

↓

पूर्ण रूपले भरिएको आवेदन फारम तपाईंको प्रथम रोजाइको स्कूलका प्रधान अध्यापकलाई बुझाउनुहोस्

↓

तपाईंको शिशुको स्कूलमा भर्नाको सम्बन्धमा मार्चमा एक पत्र पठाइनेछ

## यदि तपाईं प्रथम पल्ट डोरसेटमा जाँदै अथवा घर सर्दै हुनुहुन्छ

- आवेदन फारम भर्नुहोस्
- तपाईंले घर सरेको बारेमा लिखित प्रमाण प्रस्तुत गर्ने खाँचो छ

  लिखित प्रमाणका उदाहरणहरू हुन्ः

  - सम्पत्तिसम्बन्धी अनुबन्धहरूको आदान–प्रदानलाई पुष्टि गर्ने सोलिसिटरको पत्रको प्रतिलिपी
  - सम्पत्तिसम्बन्धी करार अर्थात् घर–भाड़ा करारको प्रतिलिपी
  - टेलीफोन/ग्यास/बिजली आदि जस्ता सेवाहरूको हालसालैको बिलको प्रतिलिपी
  - परिषद कर (काउन्सिल ट्याक्स) बिलको प्रतिलिपी

## स्कूल वर्ष अथवा स्थानान्तरणको सामान्य वर्ष बाहेकको अवधिमा स्कूलमा भर्ना निम्ति आवेदन

- तपाईंले भर्ना कार्यालयसित सम्पर्क गनुपर्नेछ अथवा
- तपाईंले स्थानीय स्कूलसित सम्पर्क गर्न सक्नुहुन्छ
- यदि स्कूलमा स्थानहरू छन् भने, स्कूल तपाईंको शिशुलाई स्थान प्रदान गर्नमा समर्थ हुनेछ
- यदि तपाईंको स्थानीय स्कूलमा पर्याप्त स्थानहरू छैनन् भने, भर्ना कार्यालयले तपाईंलाई एउटा आवेदन फारम भर्न लगाउनेछ। त्यसपछि उनीहरूले तपाईंको शिशुको लागि अर्को स्कूलमा स्थान खोजी निकाल्ने छन्।

## त्यो स्कूलको लागि आवेदन गर्नु जो तपाईंको स्थानीय स्कूल होइन

साधारणतः शिशुहरू स्थानीय स्कूलहरूमा जान्छन् तर मातापिताहरूको कुनै अन्य स्कूललाई रोज्ने अधिकार पनि छ, जो उनीहरूको स्थानीय क्षेत्रमा पर्दैनन्। यसलाई मातापिताहरूको प्राथमिकता भनिन्छ।

- आवेदन फारम भर्नुहोस् अनि भर्ना दललाई सो फारम बुझाउनुहोस्
- यदि त्यहाँ स्थानहरू उपलब्ध छैनन् भने भर्ना दलले तपाईंलाई स्थानीय स्कूल अथवा तपाईंको घरको सबैभन्दा नजिकको अर्को स्कूलमा स्थान उपलब्ध गराउनेछ।

## आफूले चाहेको स्कूलमा स्थान नपाइएको खण्डमा के गर्ने

- यदि तपाईंले चाहेको स्कूलमा तपाईंको शिशुले स्थान पाउन सकेन भने, तपाईंले अपील गर्न सक्नुहुन्छ अनि यस बारे पुनः विचार गर्ने आग्रह गर्न सक्नुहुन्छ तर त्यसपछि पनि तपाईंले स्कूलमा स्थान नपाउन सक्नुहुन्छ।

## डोरसेट स्थानीय प्राधिकरण स्कूल भर्ना दल

यदि फारम भर्नमा तपाईं मद्दत चाहनुहुन्छ अथवा बढ़ी जानकारी, सुझाउ वा सहायता चाहनुहुन्छ भने 01305 211824 मा फोन गरेर वा admissions@dorsetcc.gov.uk मा ई–मेल गरेर स्कूल भर्ना दलसित सम्पर्क गर्नुहोस्। तपाईंले हाम्रो वेबसाइट www.dorsetforyou.com/schooladmissions पनि हेर्न सक्नुहुन्छ।